# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## बालाजु, काठमाडौं

## बढुवाका लागि दरखास्त आह्वान सम्वन्धी सूचना

(प्रकाशित मितिः २०८१/०९/१९)

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पदहरुमा कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्नुपर्ने भएकोले लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णयबमोजिम जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाको हकमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कर्मचारी सेवा सर्त विनियमावली, २०५४ (संशोधनसहित) विनियम ३९ग अनुसार र कार्य क्षमताको मूल्यांकनको हकमा सोही विनियमावलीको विनियम २८ अनुसार तोकिएको योग्यता पुरा गरेका सम्भाव्य कर्मचारीहरुबाट सो नियमावलीको विनियम ३३ अनुसार यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र विनियम ३४ वमोजिमको रीतपूर्वक दरखास्त आह्वान गरिएको छ । उल्लेखित म्यादभित्र शैक्षिक योग्यता, तालिम, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव र हालको सेवा अवधि खुल्ने लगायतका आवश्यक कागजातहरु स्वयंद्वारा प्रमाणित गरी साथै तोकिएको दरखास्त दस्तुरवापतको रकम सहित यस लिमिटेडको वेबसाईट (www.idm.org.np) मा रहेको अनलाइन दरखास्त प्रणालीमार्फत आवेदन गरी सोको प्रिन्ट-आउट सहित केन्द्रीय कार्यालयमा आइपुग्ने गरी दरखास्त दिनुपर्नेछ । म्याद नाघी आएको वा रीतपूर्वक पेश नभएको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | बढुवाको किसिम तथा पदसंख्या | | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्षमताको मूल्याङ्कन | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | |
| १. | १/०८१/८२ | निर्देशक | १० | प्रशासन | | १ | २०००/- |
| २. | २/०८१/८२ | उप-निर्देशक/क्षेत्र व्यवस्थापक | ९ | प्रशासन | | १ | २०००/- |
| ३. | ३/०८१/८२ | उप-निर्देशक/क्षेत्र व्यवस्थापक | ९ | प्रशासन | १ | | २०००/- |
| ४. | ४/०८१/८२ | अधिकृत | ६ | प्रशासन | | १ | १२००/- |
| ५. | ५/०८१/८२ | अधिकृत (प्रा.) | ६ | प्राविधिक/सिभिल | १ | | १२००/- |
| ६. | ६/०८१/८२ | सव-ईन्जिनियर/बरिष्ठ सहायक | ५ | प्राविधिक/ईलेक्ट्रिकल | | १ | ७००/- |
| ७. | ७/०८१/८२ | सव-ईन्जिनियर/बरिष्ठ सहायक | ५ | प्राविधिक/सिभिल | | १ | ७००/- |
| ८. | ८/०८१/८२ | अ.सब-इन्जिनियर/ प्रा.स. | ४ | प्राविधिक/सिभिल | १ | | ५००/- |
| ९. | ९/०८१/८२ | सुपरभाईजर | ३ | प्राविधिक/ईलेक्ट्रिकल | | १ | ४००/- |
| १०. | १०/०८१/८२ | सुपरभाईजर | ३ | प्राविधिक/ईलेक्ट्रिकल | १ | | ४००/- |

**थप जानकारीः**

१. एउटै उम्मेदवारले दुवै किसिमको बढुवामा दरखास्त पेश गर्दा सोही अनुसारको अलग-अलग दरखास्त दस्तुर लाग्नेछ ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

**बालाजु, काठमाडौं**

**आन्तरिक प्रतियोगिताद्वारा बढुवाका लागि दरखास्त आह्वानसम्वन्धी सूचना**

(प्रकाशित मितिः २०८१/०९/१९)

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पदहरुमा आन्तरिक प्रतियोगिताद्वारा बढुवा गर्नुपर्ने भएकोले लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णयबमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०५४ (संशोधनसहित) अनुसार तोकिएको सेवा अवधि पुरा गरेका एवं शैक्षिक योग्यता प्राप्त गरेका सम्भाव्य कर्मचारीहरुबाट सो विनियमावलीको विनियम ३३ अनुसार यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र विनियम ३४ वमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिएको छ । उल्लेखित म्यादभित्र शैक्षिक योग्यता र हालको सेवा अवधि खुल्ने लगायतका आवश्यक कागजातहरु स्वयंद्वारा प्रमाणित गरी साथै तोकिएको दरखास्त दस्तुरवापतको रकम सहित यस लिमिटेडको वेबसाईट (www.idm.org.np) मा रहेको अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त पेस गर्नुपर्नेछ । रीतपूर्वक पेश नभएको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | पद संख्या | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ११/०८१/८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | १ | ७००/- |
| २. | १२/०८१/८२ | कार्यालय सहायक | ४ | प्रशासन | १ | ५००/- |

**थप जानकारीः**

१. आन्तरिक प्रतियोगितामा सहभागी हुने कर्मचारीले विनियम २४ को उपविनियम (१) र (२) वमोजिम तोकिएको न्युनतम् शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ । साथै वि.नं. ११/०८१/०८२ को पदका लागि दरखास्त दिने कर्मचारीले विनियम ३९(घ) अनुसार तोकिएको सेवा अवधि र वि.नं. १२/०८१/८२ का लागि दरखास्त दिने कर्मचारीको हकमा विनियम ७ को उपनियम (२) अनुसार तह १ मा १० वर्ष सेवा अवधि र योग्यता पुरा गरेको हुनुपर्नेछ ।

२. उपरोक्त विज्ञापनहरुको परीक्षाको विधि लिखित तथा अन्तर्वार्ता हुनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाडौंमा संचालन हुनेछ । लिखित परीक्षाको मिति, समय र स्थानसहितको तालिका लोक सेवा आयोगबाट सूचना प्रकाशन गरी तोकेवमोजिम हुनेछ । लिखित परीक्षाको लागि सम्पर्क मिति पछि प्रकाशन गरिनेछ ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरुको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

४. दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ।

५. दोब्बर दस्तुर बुझाई फाराम भर्नेः सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त बुझाउन नसक्ने कर्मचारीको हकमा दोब्बर दस्तुर बुझाई थप ७ (सात) दिनभित्र दरखास्त फाराम बुझाउन सकिनेछ तर दरखास्त दिने अन्तिम मिति पछिको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, सेवा अवधि तथा उमेरको हद मान्य हुनेछैन ।

६. सबै पदहरुको लिखित परीक्षाको पाठ्यक्रम लिमिटेडको वेबसाइट www.idm.org.np मा राखिएको छ ।

सदस्य सचिव
पदपूर्ति समिति

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## बालाजु, काठमाडौं

## खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्न दरखास्त आह्वानसम्वन्धी सूचना

(प्रकाशित मितिः २०८१/०९/१९)

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पद, तह र सेवा/समूहमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णयबमोजिम तोकिएको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ । खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षामा सहभागी हुनका लागि यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र परीक्षा दस्तुर वापतको रकम सहित यस लिमिटेडको वेबसाईट (www.idm.org.np) को अनलाइन दरखास्त प्रणालीमार्फत आवेदन पेस गर्नुपर्नेछ । दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ। तोकिएको अवधिभित्र दरखास्त पेस नगरेका वा रीतपूर्वक दरखास्त फाराम नभरेका उम्मेदवारहरू परीक्षामा सहभागी हुन नपाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | खुला | समावेशीतर्फ | | | आवश्यक न्युनत्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | मधेशी | दलित | |
| १. | १३/०८१/८२ | ईन्जिनियर | ७ | प्राविधिक/ ईलेक्ट्रिकल | १ | | | | सम्वन्धित ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण |
| २. | १४/०८१/८२ | अधिकृत | ६ | प्रशासन | २ | | १ | १ | स्नातक तह वा सो सरह उत्तीर्ण |
| ३. | १५/०८१/८२ | सब-ईन्जिनियर/ व.स. | ५ | प्राविधिक/ ईलेक्ट्रिकल | १ | | १ | १ | सम्वन्धित ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ४. | १६/०८१/८२ | कार्यालय सहायक | ४ | प्रशासन | १ | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण वा एस.ई.ई.मा कम्तीमा सी ग्रेड प्राप्त |
| ५. | १७/०८१/८२ | असिस्टेन्ट सव-ईन्जिनियर/प्रा.स. | ४ | प्राविधिक/ ईलेक्ट्रिकल | १ | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल इन्जिनियरिङ्ग कम्तिमा १ वर्षको तालिम प्राप्त वा सम्वन्धित विषयमा टी.एस.एल.सी. उत्तिर्ण वा टी.एस.ई.ई.मा कम्तिमा सी ग्रेड प्राप्त |
| ६. | १८/०८१/८२ | असिस्टेन्ट सव-ईन्जिनियर/प्रा.स. | ४ | प्राविधिक/ सिभिल | १ | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सिभिल इन्जिनियरिङ्ग वा प्लम्बिङ्ग विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त वा सम्वन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण वा टी.एस.ई.ई.मा कम्तिमा सी ग्रेड प्राप्त |
| ७. | १९/०८१/८२ | सहायक (प्रा.) | २ | प्राविधिक/ सिभिल | १ | १ | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सिभिल इन्जिनियरिङ्ग वा प्लम्बिङ्ग विषयमा कम्तिमा तीन महिनाको तालिम प्राप्त वा सम्वन्धित विषयमा टी.एस.ई.ई.मा कम्तिमा सी ग्रेड प्राप्त |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-wo-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेशवमोजिम कानुनी व्यवस्था भएपश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

१. **सेवाको किसिमः** स्थायी ।

२. **सेवाको शर्त, तलब भत्ता तथा सुविधाः** लिमिटेडको नियमानुसार हुनेछ ।

३. **कामको किसिम र काम गर्नुपर्ने क्षेत्रः** प्रचलित कानूनको अधिनमा रही लिमिटेडले तोकेबमोजिम हुनेछ ।

४. **परीक्षा दस्तुरः** विज्ञापन नं. १३ र १४ को हकमा रु.१२००/-, विज्ञापन नं.१५ को हकमा रु. ७००/-, विज्ञापन नं.१६, १७ र १८ को हकमा रु. ५००/- र अन्यको विज्ञापनको हकमा रु. ३००/- दस्तुर लाग्नेछ । एक भन्दा बढी समूहमा दरखास्त दिंदा प्रत्येक समूहको पदका लागि ५० प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ । अनलाईन दरखास्त प्रणालीमा राखिएको भुक्तानी गेट वे प्रयोग गरी परीक्षा दस्तुर बुझाउन सकिनेछ।

५. **उम्मेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म अधिकृतस्तरको हकमा उमेर २१ वर्ष र सहायकस्तरको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको हुनु पर्नेछ । महिला र अपाङ्ग उम्मेदवारको हकमा उमेरको हद ४० बर्ष हुनेछ । यस लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन ।

६. **दरखास्त दिने अन्तिम मितिः** २०८१।१०।१९ र दोब्बर दस्तुर तिरी २०८१।१०।२६ सम्म बुझाउन सकिनेछ । तर दरखास्त दिने अन्तिम मिति पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र तथा उमेरको हद मान्य हुने छैन ।

७. **समावेशीतर्फ दरखास्त पेस गर्ने आधारः** समावेशी समूह तर्फका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको आधारमा र एक जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिएको कागजात । तराई-मधेसमा बसोबास गर्ने मधेसीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिम संस्थाबाट प्रमाणित गरेको आधारमा तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको कागजात । दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको आधारमा, एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराएको कागजात।

८. **उम्मेदवारको छनौट विधिः** उम्मेदवारहरुको छनौट लिखित परीक्षा, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ताबाट हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरु मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले मात्र कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सहभागी हुन पाउनेछन् ।

९. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** उपरोक्त विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षाको प्रक्रिया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

१०. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरुको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

११. परीक्षणकालको अवधिः पुरुष कर्मचारीका लागि १ बर्ष र महिला कर्मचारीका लागि ६ महिना परीक्षणकाल अवधि रहनेछ । यस लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा पुनः परीक्षणकाल लागू हुनेछैन ।

१२. पाठयक्रमः सबै पदहरुको लिखित परीक्षाको पाठ्यक्रम लिमिटेडको वेबसाइट www.idm.org.np मा राखिएको छ ।

१३. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण लिमिटेडको वेबसाइट राखिएको छ । यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन नं.०१-४९५०८४९,४९५०५२३ मा सम्पर्क गर्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति